# पिएसी प्रयोग निर्देशिका

**नोट: यो निर्देशिका, पूर्ण मार्गदर्शक निर्देशिकाको बिकल्प हैन**

१। परिचालन क्षेत्र तयार गर्नुहोस् (पिएसिको तल र भित्र नरम पत्र बिछ्याउनुहोस्, भित्र स्लीपिङ ब्याग राख्नुहोस्, बहिरबाट कुनै आवरनले अथवा स्लीपिङ ब्यागले छोप्नुहोस्)




२। पम्प जोड्नुहोस् ।

३। भेरीएबल प्रेसर रिलिज भल्भ बन्द गर्नुहोस् ।

४। भित्रको झ्यालमा अल्टिमिटर राख्नुहोस् (एदी तपाईंसँग छ भने) ।

५। बिरामीलाई पिएसीले कसरी काम गर्छ बुझाउनुहोस् र कान डम्म हुँदा के गर्ने सिकाउनुहोस् (भाल्साल्व मनुभर) ।

६। जिप्पर खुल्ला भएको सुनिस्चित गर्नुहोस् र बिरामीलाई भित्र पस्न सहयोग गर्नुहोस् ।

७। पम्पलाई दम दिन सुरु गर्नुहोस् र पिएसीको जिप्पर बन्द गर्नुहोस्, बिरामीसँग नियमित कुराकानी गर्नुहोस् र बिरामीको आँखामा पनि हेरिरहनुहोस् ।

८। पिएसी टम्म नभरिए सम्म दम दिनुहोस् र तेस्पछी सुस्तरी नियमित गतिमा दम दिनुहोस् ।

९। बिरामीको कान दुखेमा भाल्सल्भा मनुभर सिकाउनुहोस्, भेरीएबल प्रेसर रिलिज भल्भ खोल्नुहोस्, बीस्तारै दम दिनुहोस् अथवा दम दिन रोक्नुहोस्। दुखाइ कम भएपछी फेरी सुरु गर्नुहोस्।




१०। पिएसी पुरै टम्म भएपछी अटोमेटिक प्रेसर रिलिज भाल्भले सिट्ठी दिन सुरु गर्छ र पहेलो ट्याब हल्लिन सुरुगर्छ ।

११। तेर्सो सुत्दा बिरामीको लक्षणहरु बिग्रदैगएमा पिएसिको टाउको पट्टीको भाग लगभग ३० डिग्रीले उठाउनुहोस्।

१२। पिएसीबाट हावा फुकाउने बेलासम्म कम्तिमापनी हरेक पाँच सेकेन्डमा एक्पटक दम दिने दर मिलाउनुहोस् ।

१३। उपचार बन्द गर्न, भेरीएबल प्रेसर रिलिज भल्भ खोल्नुहोस् र दम दिन बन्द गर्नुहोस्। हावा फुकाउदा बिरामीको कान दुखेमा भेरीएबल प्रेसर रिलिज भल्भ बन्द गर्नुहोस् र फेरी केही समय सम्म दम दिनुहोस् जबसम्म दुखाइ कम हुँदैन, काम भएपछी फेरी हावा फुस्काउनुहोस् ।

१४। पिएसीमा प्रेसर कम भएको जस्तो लागेपछी जिप्पर पूर्ण रुपले खोल्नुहोस्।